# सबैला नगरपालिकाको नवौं नगर सभा

## आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम

## सबैला नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

**सबैला नगरपालिकाका नगर प्रमुख श्री कारीराम यादवले मिति २०८०।०३।०९ गते आ.व. २०८०।०८१ को लागी नवौ नगरसभा समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्याक्रम**

यस गरिमामय नगर सभामा सबैला नगरपालिकाको तर्फबाट हाम्रो निमन्त्रणलाई स्वीकार गरी अत्यन्त व्यस्तताका बाबजुद पनि नवौ नगर सभाको उद्धाटन समरोहमा पाल्नु भएका प्रमुख अतिथी माननीय भरत प्रसाद शाह ज्यू , विशिष्ट अतिथी ज्यू, उपस्थति सम्पूर्ण राजनितिक दलका प्रतिनिधि, अतिथी ज्यूहरु, नगर उप-प्रमुख ज्यू, नगर सभा सदस्य ज्यूहरु, एंव नगरपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत नगरपालिकाका कर्मचारी मित्रहरु, सुरक्षाकर्मी साथीहरु, भद्र प्रतिष्ठित व्यक्तित्वहरु, आमा-वुवा, दिदि-बहिनीहरु तथा भाई बन्धुहरु , पत्रकार साथीहरु लगायत उपस्थित सबै मा सबैला नगरपालिका र म नगर प्रमुखको तर्फबाट समेत सम्पूर्ण मान्यजनलाई स्वागत गर्दछु ।
सबैला नगरकार्यपालिकाको तर्फबाट नवौं सम्मानित नगर सभाको उद्धाटन समारोहमा आउदो आर्थिक वर्ष २०८०।०८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त खुशी र हर्षित भएको छु । यस अवसरमा नगर सभामा सम्बोधन गरिरहेकोमा संघीयता तथा गणतन्त्र प्राप्तिको संघर्षमा विभिन्न काल खण्डमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहने ज्ञात, अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पन गर्न चाहन्छु ।नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र लोकतन्त्रको प्राप्तीको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा विर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

सबैला नगरपालिकालाई समृद्ध र सुखि बनाउने काममा गत आर्थिक वर्षमा महत्वपूर्ण उपलब्धी हासिल गर्ने सुरुवात भएको छ । यद्धपी जनताको माग र जिवनस्तरमा परिवर्तन ल्याउन अझै कामहरु गर्न बाँकि नै रहेको परिपेक्षमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम अबलम्बन गरेको छु ।

आदरणिय उपस्थित महानुभावहरु अब म नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु

यस सबैला नगरवासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर, समृद्ध, र सुखी - शान्त सबैला नगरपालिका निर्माण गर्ने सोच लिएका छौ भने प्राकृतिक, पुरातात्विक, धार्मिक, समाजिक श्रोतहरुको बहुउपयोगी सहित पूर्वाधार विकास, कृषीमा आधुनिकिकरण र नागरिक सशक्तिकरण गर्दै नगरपालिकालाई आर्थिक एवं सामाजिक दृष्टिले सम्उन्नत आत्मनिर्भर र स्वाभलम्बी नगरपालिका बनाउने लक्ष्य लिएका छौ।

**<u>उदेश्य</u>**

१) समावेसी, समानुपातिक विकासको अवधारणमा भौतिक पूर्वाधार एवं समाजिक क्षेत्रमा लगानी वृद्धिगरी आर्थिक तथा समाजिक विकास अगाडी बढाउने ।

२) लक्षित तथा गरिव वर्गका लागी विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती, पहुचमा वृद्धी गर्ने ।

३) यस नगरपालिका क्षेत्र भित्रका उद्यमी, व्यापारीहरुको सुरक्षाको अनुभुतिका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**<u>समग्र क्षेत्रगत निति तथा आधारहरु</u>**

सबैला नगरपालिकाको लक्ष्य तथा उदेश्य हासिल गर्नका लागी निम्नानुसार क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**१) सामान्य प्रशासन नीति**

(क) वडा कार्यालयहरुमा आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने छ ।

(ख) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागी क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

(ग) नगरपालिकाबाट प्रवाहहुने सेवाहरुलाई पारदर्शी र व्यवस्थित बनाउन नगारिक सहायता कक्ष, नागरिक वडा पत्र, वेवसाईट र अन्य आधुनिक प्रविधिहरुको प्रयोग गरिने छ ।

(घ) नगरपालिकाबाट प्रवाह हुने सेवा लाई एक द्वार प्रणाली मार्फत सेवा दिईने छ

(ङ) नगरपालिकाबाट दिईने सेवाहरु जनता सम्म पहुचका लागी समय समयमा सेवा प्रवाहका घुम्ति टोलीहरु परिचालन गरिने छ

## २) राजस्व तथा आर्थिक प्रशासन नीति

(क) नगरपालिकाको क्षेत्र भित्र रहेका आन्तरिक आयका श्रोतहरुका पहिचान र उचित व्यवस्थापन गरी आन्तरिक श्रोत वृद्धि गरिने छ ।

(ख) लेखा समिति लाई प्रभावकारी बनाई पेश्की तथा बेरुजुहरु फरर्चौटलाई तिब्रता दिईनेछ ।

(ग) यस नगरपालिकाबाट हाल सुत्रबाट राजस्व संकलन हुदै आएको मा सो कार्य वडास्तर सम्म बिस्तार गरिने छ ।

(घ) सार्वजनिक पोखरी र बजारहरुलाई संरक्षण र संप्रर्वधन गरी नगरपालिकाको आय श्रोतको रुपमा विकास गरिने छ

(ङ) अतिक्रमणमा परिएको सार्वजनिक सम्पत्तिहरु अतिक्रमण मुक्त गरी संरक्षण गरिने छ ।

(च) व्यवसाय दर्ता अभियान संचालन गरिने छ ।

(छ) बाँकी बक्यौता रहेका राजस्व तथा शुल्क असुल गर्ने कार्यमा तिब्रता ल्याईने छ ।

## ३) सुशासन नीति

(क) नगरपालिकाको प्रशासकीय प्रणालिलाई आवश्यकता अनुसार आधुनिक प्रविधिको प्रयोग गरी सुधार गरिने छ । यसको सुरुवातको रुपमा दर्ता तथा चलानीलाई डिजिटाइजेशन गरिनेछ ।

(ख) कर्मचारीहरुको कार्य सम्पादनलाई दण्ड र पुरुष्कार सँग आवद्ध गरिने छ ।

## ४) पूर्वाधार विकास नीती

(क) पूर्वाधार विकास कार्यक्रमहरुमा अनिवार्य गुणस्तर जाँच गराईने छ ।

(ख) कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्नु पूर्व उक्त आयोजनाको नक्सा पास गराई कार्य संचालन गराईने छ ।

(ग) सडक सञ्जालको विकासका लागी एकिकृत सहरी विकास योजना तयार पारिने छ ।

(घ) यस नगरपालिकामा संचालन हुने आयोजनाहरुको उचित संचालन, अनुगमन, मुल्याङ्कन र पारदर्शिताका लागी आगामी आर्थिक बर्ष देखी स्थानीय तह आयोजना बैंक सूचना प्रणाली पूर्ण रुपमा लागु गरिने छ ।

## ५) कृषी नीति

(क) यस नगरपालिका क्षेत्र भित्रका किसानहरुलाई समुहमा आवद्ध गरी प्रत्येक समुहलाई विस्तारै सिचाईका श्रोत साधनहरु उपलब्ध गराईने छ । साथै प्रत्येक किसानलाई अनलाईन प्रणालीमा सूचिकृत गरी किसान परिचय पत्र उपलब्ध गराईने छ ।

(ख) यस नगरपालिका भित्रका किसानहरु बाट उन्नत किसिमको विउ उत्पादन गर्दा २५% र मलखाद उत्पादन गर्दा ५०% लागत नगरपालिकाबाट अनुदान सहयोग गरिने छ ।

(ग) नगरपालिकामा वार्षिक कृषी मेला आयोजना गरिने छ र उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिने छ । यसामा पुरस्कृत हने कृषकलाई कृषीमा वृहत्तर प्रगति गरेको ठाँउ पहिचान गरी सो ठाँउको लागी कृषी भ्रमण आयोजना गरिने छ ।

(घ) नगरपालिका भित्र सहकारीहरु सँग साझेदारीमा धान प्रशोधन उद्योग निर्माणलाई निरन्तरता दिई, वास्मती धान प्रशोधित गरी नगरपालिकाको पहिचान खुल्ने गरी सामुदायीक ट्रेडमार्क दर्ता तथा प्रयोग गरी बजारिकरण गरिने छ । यसमा किसानहरुले आफ्नो उत्पादनको उचीत मुल्य पाउने सुनिश्चित गरिने छ ।

(ङ) कृषी र पशु विमा कार्यक्रम अगाडी बढाईने छ ।

(च) यस नगरपालिका बाट दिदै आएको कृषि मिटरको बिल भुक्तानीलाई आगामी दिनहरुमा समेत निरन्तरता दिईने छ ।

## ६) उद्यमशिलता विकास नीति

(क) कम्तिमा ७ (सात) जान स्थानीय वासिन्दाहरुलाई रोजगारी दिने व्यवसायीहरुको हकमा व्यवसाय करमा सहोलियत प्रदान गरिने छ ।

(ख) सहकारी, कृषी समुह, महिला समुह आदीका माध्यमबाट स्थानीय मौसमी उत्पादनको बजारिकरण गर्न प्रोत्साहन गरिने छ ।

(ग) नगर विकास कोष सँगको समन्वयमा व्यवसाय प्रर्वद्धनको कार्यक्रम संचालन गरिने छ ।

(घ) गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना गरिने छ ।

**७) स्वास्थ्य नीति**

(क) स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईने छ ।

(ख) नगरपालिकाको आफ्नै फार्मेसी संचालन गरिने छ ।

(ग) फरक क्षमता भएका व्यक्तिहरुलाई निशुल्क औषधि उपचारको व्यवस्था मिलाईने छ ।

(घ) विभिन्न स्वास्थ्य समस्या सम्बन्धि नगरपालिका भित्र वृहत्त स्वास्थ्य सिविर संचालन गरिने छ ।

(ङ) सबैला नगरपालिका वडा नं. १२, ९ र १० मा बर्थिङ सेन्टर संचालनमा ल्याईने छ ।

(च) प्रादेशिक स्वास्थ्य प्रयोगशालाको सहयोगमा प्राथमिक स्वास्थ्य केन्द्र सबैलामा संचालित जनस्वास्थ्य प्रयोगशालालाई प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

(छ) संघीय सरकारको नीति अनुसार स्वास्थ्य संस्था नभएको वडामा आ.व. २०७९।०८० मा संचालित आधारभुत स्वास्थ्य केन्द्रहरुको प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

(ज) प्राथमिक स्वास्थ्य केन्द्र सबैलामा संचालित २४ घण्टे आकस्मिक (ईमर्जेन्सी) सेवालाई प्रभावकारी रुपमा संचालन गर्न थप चिकित्सकहरुको व्यवस्थापन गरिने छ । साथै प्राथमिक स्वास्थ्य केन्द्र सबैलामा सर्प दंश केन्द्र संचालनमा ल्याईने छ

(झ) आयुर्वेदिक औषाधलयको सेवालाई थप प्रभावकारी रुपमा संचालन गरिने छ

**८) महिला तथा बालबालिका विकास नीति**

(क) यस नगरपालिका भित्रका गरिब, बिपन्न, दलित महिलाहरुको सशक्तिकरणका लागी समुह गठन तथा सिप मुलक तालिम तथा प्रविधि हस्तान्तरण गरिने छ ।

(ख) सिप भएका महिलाहरुका लागी व्यवसाय तथा आत्मनिर्भर कार्यक्रम प्रवर्धनमा सहयोग गरिने छ ।

(ग) वाल विवाह तथा यौन हिंसा न्यूनिकरणका लागी चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

(घ) वालवालिकाहरुको शारिरीक तथा मानसिक विकासका कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

(ङ) मनोविमर्ष केन्द्र स्थापना गरिने छ ।

(च) नगर स्तरीय सामुदायीक विकास अध्यन केन्द्र संचालनमा ल्याईने छ ।
(छ) यस नगरपालिका भित्रका सम्पूर्ण वृद्ध-वृद्धाहरु तथा विधवा महिलाहरुको लागी सम्मान कार्यक्रमहरु संचालन गरिने छ ।

## ९) सहकारी सम्बन्धी नीति

(क) सहकारी विकासका लागी सहकारी संस्थहरुलाई सहकारी प्रवर्द्धन सम्बन्धि तालिम तथा गरिवि निवारण सम्बन्धी कार्यक्रम चलाउने सहकारी संस्थाहरुलाई नगरपालिका बाट सहयोग उपलब्ध गराईने छ ।
(ख) नगरपालिका भित्र संचालित सहकारी तथा वित्तिय संस्थाहरुले नगर भित्रका के? कति? व्यक्तिलाई सदस्य बनाई निक्षेप संकलन र ऋण लागानी के? कति? गरेको हो सो को विवरण मासिक रुपमा नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।यदी यसरी जानकारी नदिई रकम हिनामिना गरेको वा जनताको पैसा आफु खुसी चलाईएको पाईएमा त्यसता सहकारीको दर्ता खारेजीका लागी कारवाही अगाडी बढाईने छ ।

## १०) न्याय सम्पादन सम्बन्धि नीति

(क) यस नगरपालिकाबाट हुने न्याय सम्पादन अझ बढी प्रभावकारी ढंगबाट संचालन गर्नका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।
(ख) न्यायीक समितिलाई न्यायालयबाट आवश्यक तालिम दिने व्यवस्था मिलाईने छ ।
(ग) प्रत्येक वडामा मेलमिलाप समिति गठन तथा परिचालन गरिने छ ।

## ११) शिक्षा, युवा तथा खेलकुद नीति

(क) सामुदायीक विद्यालय सुधार कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ। विद्यालयहरुमा क्रमशः ल्याब व्यावस्थापन तथा कम्प्यूटर व्यवस्थापन गर्दै प्रविधि मैत्री विद्यालय बनाईने छ ।
(ख) सामुदायीक विद्यालयमा दरबन्दी मिलानको कार्य गरिने छ ।दरबन्दी मिलान पश्चात विद्यालयहरुमा आवश्यक अपुग शिक्षक व्यवस्थापनका लागी पहल गरिने छ।

(ग) निजि विद्यालयहरुलाई अनुगमन र नियमन गरिने छ ।अनुमति बिना संचालित वा अनुमति दिईएको भन्दा माथिल्लो कक्षा संचालन गरिएको पाईएमा कारवाहीको दायरामा ल्याईने छ ।

(घ) यस नगरको गरिब तथा जेहेनदार विद्यार्थी तथा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलनका सहिदका छोरा-छोरीहरुलाई मेयर छात्रवृद्धी प्रदान गरिने छ ।

(ङ) माध्यमिक शिक्षा पुरा गरेका ईच्छुक युवाहरुलाई कम्प्यूटर तालिम, लोक सेवा तयारी अभिमुखिकरण तथा सिप मुलक तालिम प्रदान गरिने छ ।

(च) खेल सम्बद्ध संस्थाहरुको सहकार्यमा खेलकुद विकास कार्यक्रम संचालन गरिने छ ।

(छ) नगर स्तरीय खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।

(ज) अन्तरपालिका मेयर कप खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

(झ) राष्ट्रिय युवा परिषद् सँग समन्वय गरी स्थानीय युवा परिषद् गठन गरिने छ ।

(ञ) स्नातकोत्तर तथा बिद्यावारिधी अध्यन गरिरहेका नगरका स्थानीय विद्यार्थीहरुलाई विश्वविद्यालयको समन्वयमा फेलोसिप प्रदान गरिने छ ।

**१२) वन, वातावरण, फोहरमैला तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

(क) विपद व्यवस्थापन शाखालाई चौबिसै घण्टा संचालन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।

(ख) फोहर व्यवस्थापनका लागी ल्याण्डफिल्ड साईट पहिचान र गुरु योजना तयार गरिने छ ।

(ग) स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाको यकिन गर्न अस्पताल जन्य फोहर व्यवस्थापन लाई व्यवस्थित र सुदृढिकरण गरिने छ ।

(घ) विकास निर्माणको कार्यमा वातारणिय पक्षको मुल्याङ्कनलाई समेत समावेश गरिने छ ।

(ङ) वारुणयन्त्र लगायत विपदका कार्यमा खटिने कर्मचारीहरुलाई आवश्यक सुरक्षा समाग्रीहरुको व्यवस्थापन गरिने छ

(च) नगर भित्र रहेका खोला-खोल्सी, ताल-तलैया, बगरहरुलाई संरक्षण, प्रवर्द्धन गरिने छ ।

(छ) विपद व्यवस्थापन केन्द्र तथा विपद व्यवस्थापन शाखा स्थापना गरिने छ ।

## १३) भुमि व्यवस्थापन तथा भवन नियमन नीति

(क) नगर क्षेत्र भित्रको तथ्याङ्क अध्यावधिक गर्ने कार्य सम्पन्न गरि योजना निर्माण सँग आवद्ध गरिने छ ।

(ख) राष्ट्रिय भवन निर्माण संहिता, भवन निर्माण सँग सम्बन्धित मापदण्डहरु कार्यान्वयनमा ल्याईने छ ।

(ग) भु-उपयोग र जग्गा वर्गिकरण सम्बन्धि कार्य सम्पन्न गरिने छ ।

## १४) पर्यटन नीति

(क) यस नगरपालिका भित्र बाहिरी पर्यटकलाई आकर्षित गर्नका लागी वडा नं. ४ कमला नदीको छेउमा रहेको जग्गामा पर्यटकीय स्थल निर्माणका लागी आवश्यक पहल गरिने छ ।

(ख) सतोषरधाम लाई धार्मिक पर्यटकीय क्षेत्र बनाउनका लागी वृहत्तर विकास कोष सँग समन्वय गरी संरचनाहरु तयार गरिने छ ।

(ग) यस नगरपालिकाको वडा नं. ६ र ७ को मध्य भागमा पर्ने ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्व रहेको श्री मठेश्वर नाथ मन्दिरको पुनः निर्माण गरी पर्यटन क्षेत्रको रुपमा विकास गरिने छ ।

(घ) यस नगरपालिकाको वडा नं. ११ मा पर्ने जग स्थल (तपोभुमी) को संरक्षण, प्रवर्द्धन गरी पर्यटकीय स्थलको रुपाम विकास गरिने छ ।

(ङ) यस नगरपालिकामा रहेका सम्पूर्ण धर्मालम्बिहरुको मठ-मन्दिर, पाटी-पौवा, मस्जिदहरुको संरक्षण, प्रवर्द्धन गरिने छ ।

## १५) विविध नीती

(क) निर्माण आयोजनाहरुको हकमा गुणस्तर परिक्षण अनिवार्य गरिने छ ।

(ख) हिउँदे नगर सभा अगावै योजनाहरुको सम्झौता गर्ने कार्य सम्पन्न गरिने छ ।

(ग) नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गरीने छ ।

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषा सँग समन्वय गरी विरेन्द्र बजार-महिनाथपुर सडक खण्डको विभिन्न स्थानमा ट्राफिक प्रहरी विट स्थापनाको लागी पहल गरिने छ ।

(ङ) यस नगरपालिका भित्र हुदै आएको अपराधिक क्रियाकलाप नियन्त्रण तथा रोकथाम गर्न नगरपालिकाको विभिन्न मुल बजारहरुको चौक तथा मुल सडकहरुमा सि.सि.टिभी जडान गरिने छ ।

**सभाका सदस्यज्यूहरु**

उल्लेखित निति तथा कार्यक्रम कार्यान्वयनको लागी आ.व. २०८०।०८१ का लागी अनुमानित बजेटको संक्षिप्त खाका यस प्रकार रहेको छ ।

| क्र.स. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| | **संङ्घीय सरकार** | |
| १ | राजस्व बाँडफाँड | ११५५०८००० (एघार करोड पचपन्न लाख आठ हजार) |
| २ | समानिकरण अनुदान | १३७८००००० (तेह्र करोड अठहत्तर लाख) |
| ३ | सशर्त अनुदान | २३०३००००० (तेईस करोड तिन लाख) |
| ४ | विशेष अनुदान | |
| ५ | समपुरक अनुदान | |
| | जम्मा | ४८३६०८००० (अठचालिस करोड छतिस लाख आठ हजार) |
| | **प्रदेश सरकार** | |
| १ | राजस्व बाँडफाँड | |
| २ | समानिकरण अनुदान | १०२८७००० (एक करोड दुई लाख सतासी हजार) |
| ३ | सशर्त अनुदान | |
| ४ | विशेष अनुदान | ३०००००० (तिस लाख) |
| ५ | समपुरक अनुदान | २०००००० (बिस लाख) |
| | जम्मा | १५२८७००० (एक करोड बाउन्न लाख सतासी हजार) |
| १ | आन्तरीक श्रोत (मौज्दात समेत) | ९०००००००० (नौ करोड) |
| | **कुल जम्मा** | **५८८८९५००० (अन्ठाउन्न करोड अठासी लाख पन्चानव्बे हजार)** |

प्रस्तुत निति तथा कार्यक्रम र सो को आधारमा नगरपालिकाका अभियानहरु र आयोजनाहरु समेतलाई पुरा गर्न सबैला नगरपालिकाको चालु आ.व. २०७९।०८० मा सम्पन्न हुन नसकेका नगरस्तरीय र विषयगत योजनाहरुलाई आगामी आ.व. २०८०।०८१ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ । साथै अन्य विभिन्न विषयगत निकाय तथा साझेदारीबाट प्राप्त बजेट पनि कार्यक्रमकै आधारमा खर्च गर्ने मिलाईने छ ।

**आदरणीय उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु**

नगरपालिकाले आर्थिक वर्ष २०८०।०८१ को लागी प्रस्ताव गरेको बजेटको विनियोजन विधयक लगायतका आवश्यक विधयकहरु नगर सभामा पेश भई स्वीकृत गर्ने भएको हुँदा सारांस मात्र गरेको जानकारी गराउन चाहन्छु । निति तथा कार्यक्रमको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहदैन । तसर्थ निति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाईने छ । त्यसको लागी नगरपालिका सँग सम्बद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ । नगरपालिकाले आम नगरवासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको समेत सम्मानित नगर सभामा राख्न चाहन्छु ।

**अन्तमा,**

९औ नगर सभाको तयारीको प्रारम्भिक चरण देखी अहोरात्र खट्ने राष्ट्र सेवक कर्मचारीहरु, जनप्रतिनिधिहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नु भएका सबैमा म र सबैला नगरकार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ छ भन्ने आशा, विश्वास र भरोसा राख्दै निति तथा कार्यक्रम सारांश प्रस्तुति यही समाप्त भएको जानकारी गराउछु ।

धन्यवाद !

कारीराम यादव
नगर प्रमुख
सबैला नगरपालिका